लोहारपट्टी नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल






# पहुँच परियोजना
# सफलताका कथाहरू










# पहुँच परियोजना सफलताका कथाहरू

# लोहारपट्टी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लोहारपट्टी,महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२
चलानी नम्बर :-

मिति :-२०८२/०१/२२

### भनाई



नेपालको संविधान २०७२ ले सामाजिक सुरक्षालाई नागरिकको हकको रुपमा स्थापित गरिदिएको छ। समाजमा पछाडी परेका, असाह्य, जोखिम तथा संकटासन्नतामा रहेका नागरिकहरुलाई राज्यको तर्फबाट सामाजिक सुरक्षाको प्रत्याभूतिका लागि संघीय सरकार, प्रदेश सरकारका साथसाथै स्थानीय सरकारले पनि विभिन्न कार्यक्रमहरु निर्माण गरि सञ्चालन गरिरहेको छ। यस नगरपालिकामा पुहँच परियोजनाले सन् २०२२ देखि सरकारको प्राथमिकतामा रहेको सामाजिक सुरक्षा कार्यक्रमहरुलाई नागरिक सम्मको सहज पहुँचमा लैजानका लागि प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। यसै सन्दर्भमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न छुटेका व्यक्तिहरुलाई आवश्यक सहयोग तथा समन्वय गरि उनीहरुलाई पहुँचमा ल्याउने र बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरुलाई बालबालिकाको उचित स्याहार सुसार, उनीहरुसँग सुमधुर सम्बन्ध स्थापना तथा पोषण सम्बन्धि अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गर्दै आएको छ। यो कार्यक्रमले साच्चिकै बालबालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण भूमिका खेलेको देखिएकोले यस नगरपालिकाले पनि सहकार्य गर्दै आईरहेको छ। परियोजनाका क्रियाकलापहरुद्धारा लाभग्राहीहरुमा परेको सकारात्मक प्रभावहरुलाई समेटेर सफलताका कथाहरु प्रकाशन गर्ने योजना जुन रहेको छ यो साह्रै सह्रानीय छ र जुन कथाहरु नगरपालिकाको वेबसाईटमा राखेर नागरिकलाई सुसुचित गर्दा यसको प्रभावकारीता अझ बढी रहने भएकोले यसका लागि सहयोगी हातको रुपमा रहेकोमा सेभ द चिल्ड्रेन र सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN)लाई धन्यवाद दिन चाहन्छु। पहुँच परियोजनाले हाम्रो पालिकामा गरेको यो प्रभावकारी कार्यको म प्रशंसा गर्न चाहन्छु र भविष्यमा यस्तै कार्यक्रमको अपेक्षा गर्दछु।

..................................
प्रमुख
लोहारपट्टी नगरपालिका

शैलेन्द्र कुमार यादव
नगर प्रमुख

# लोहारपट्टी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लोहारपट्टी,महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२

चलानी नम्बर :-

मिति :-२०८२/०१/२२

### भनाई



सामाजिक सुरक्षा भत्ता तथा अभिभावक सचेतना कार्यक्रम सेभ द चिल्ड्रेन र सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN) को साझेदारी तथा यस नगरपालिकाको सहकार्यक्रमा सन् २०२२ देखि सञ्चालन भईरहेको छ । परियोजनाले सामाजिक सुरक्षा भत्ताका लागि योग्य भएर पनि विभिन्न कारणले छुटेका व्यक्तिहरुको पहिचान गरि उनीहरुलाई भत्ताको पहुँचमा ल्याउन प्रभावकारी भूमिका खेलेको छ । यसका साथै बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरुलाई अभिभावकत्व सचेतना कार्यक्रम पनि सञ्चालन गरि बालबालिकाको विकासमा महत्वपूर्ण भूमिका खेलेको कुरा मैले प्रत्यक्ष रुपमा अनुगमनको दौरान महशुस गरेको छु । परियोजनाले पारेको प्रभावलाई लिएर पालिकासँगको सहकार्यमा सफलताका कथाहरु निर्माण गर्न सहयोगी भूमिका खेलेकोमा परियोजनाको सम्पूर्ण टिमलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सरिता शर्मा

उपप्रमुख

# लोहारपट्टी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लोहारपट्टी,महोत्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/०८२
चलानी नम्बर :-

मिति :-२०८२/०१/२२



## भनाई

बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना सेभ द सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN) को साझेदारी र यस नगरपालिकाको सहकार्यमा सन् २०२२ देखि सञ्चालन भईरहेको छ । परियोजनाले सामाजिक सुरक्षा भत्तामा नागरिकहरुको पहुँच सुनिश्चित गर्न विभिन्न गतिविधि सञ्चालन गर्दै आईरहेको छ र जसले गर्दा वास्तविक सहयोगको आवश्यकता भएका र सूचनाको पहुँचबाट बाहिर रहेका विपन्न तथा जोखिममा रहेका समूदायलाई सामाजिक सुरक्षा भत्तामा दर्ताको लागि प्रभावकारी रुपमा कार्य गर्दै आइरहेको छ। यस साथसाथै बालबालिका र अभिभावकबीचको सु सम्बन्ध स्थापना गर्न, बालबालिकाको उचित स्याहार सुसारका लागि अभिभावक सचेतना कार्यक्रम पनि सञ्चालन गरिरहेको छ। अभिभावक सचेतना कार्यक्रमले समुदायका विशेष गरि आमाहरुको बालबालिकालाई हुर्काउने परम्परागत हानिकारक अभ्यासहरुलाई घटाउदै बालबालिकालाई सकारात्मक तवरबाट कुराकानी तथा स्याहार सुसार गर्ने वातावतरणको सृजना भएको छ । परियोजनाले नगरपालिकासँगको सहकार्यमा आफ्ना गतिविधि निर्माण गरि स्थानीय सरकारको नीति तथा कार्यक्रममा सहयोगी भूमिका खेलेको छ । यसै सन्दर्भमा परियोजना सञ्चालनका करण लाभग्राहीमा परेका सकारात्मक प्रयासहरुलाई समेटेर सफलताका कथा प्रकाशन गर्न र यस पालिकाको वेबसाईटबाट उक्त कथाहरु प्रकाशन गर्न सहयोगी भूमिका खेल्नुभएकोका सेभ द चिल्ड्रेन र सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल (CDAFN) लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

०८२।१।२२

बदरुल अंसारी
प्रमुख प्रशाशकिय अधिकृत

# पहुँच परियोजनाको एक संक्षिप्त परिचय

**परियोजनाको नामः** बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना (पहुँच)
**परियोजनाको अवधिः** सन् २०२२ जनवरीदेखि २०२५ डिसेम्बरसम्म
**परियोजना कार्यान्वयन गर्ने स्थानीय साझेदार संस्थाः** सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, (CDAFN) बर्दिवास–१, महोत्तरी ।
**परियोजनाको कार्यक्षेत्रः** लोहारपट्टी नगरपालिका महोत्तरीका ९ वटा वडा (सबै)
**सहयोगी संस्थाः** सेभ द चिल्ड्रेन
**परियोजनाले काम गर्ने मुख्य क्षेत्रहरूः**

- नेपाल सरकारद्वारा प्रदान गरिने सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारी कार्यान्वयन प्रणाली सवलीकरणको लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
- सामाजिक सुरक्षा भत्ताका लागि योग्य तर विविध कारणले यसबाट वञ्चित व्यक्तिहरूको पहिचान गरि उनीहरूलाई सामाजिक सुरक्षा भत्ता प्राप्तिको लागि दर्ता प्रकृयामा ल्याउन आवश्यक सहयोग र सहजीकरण गर्ने,
- बाल पोषण भत्ता प्राप्त गर्ने बालबालिकाका अभिभावकहरूलाई अभिभावक शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय सरकारसँग समन्वय तथा सहकार्य गर्ने,
- जोखिम तथा संकटासन्नतामा रहेका नागरिकहरूलाई सामाजिक सुरक्षा प्रदान गर्न स्थानीय सरकारको नीति निर्माणमा सहयोग गर्ने ।

## सन् २०२२ देखि हालसम्म परियोजनाले हाँसिल गरेका प्रमुख उपलब्धिहरूः



नगरपालिकाका ९ वटा वडाका १४ जना महिलाले अभिभावक कक्षा सहजीकरण सम्बन्धि तालिम प्राप्त गरि समूदायस्तरमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् ।



२९९ जना अभिभावकले अभिभावक सचेतना कार्यक्रमका १२ वटा साप्ताहिक कक्षामा सहभागी भई नमुना अभिभावकको रूपमा आफूलाई समुदायमा चिनाएका छन् र अन्य अभिभावकहरूलाई पनि असल अभिभावक बन्नका लागि उत्प्रेरित गरिरहेका छन् ।



नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका भनि पहिचान भएका जम्मा १६६५ जना मध्ये बालपोषण भत्ताको लागि १२८४ जना, पूर्ण अपाङ्गता भत्ताको लागि ५ जना, अति अशक्त अपाङ्गता भत्ताको लागि २५ जना, विधवा भत्ताको लागि ४९ जना, एकल महिला भत्ताको लागि ८ जना र जेष्ठ नागरिक भत्ताको लागि १८६ जना व्यक्तिहरू सामाजिक सुरक्षा भत्ता कार्यक्रममा दर्ता भई सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन् ।



सामाजिक सुरक्षाको क्षेत्रमा पालिकाको प्रणाली सवलीकरणको क्षेत्रमा केही उल्लेख्य कार्य भएका छन्, जस्तै— सामाजिक सुरक्षा नीति निर्माणमा सहजीकरण तथा प्राविधिक सहयोग, सम्बन्धित पालिका, वडाका प्रतिनिधि तथा कर्मचारीहरूलाई सामाजिक सुरक्षा तथा घटना दर्ता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन र अभिभावक सचेतना कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि निर्माण ।

# स्थानीय जनप्रतिनिधिहरुको भनाई

सहभागी आमाहरूले बच्चालाई माया देखाउने गरेको, बच्चालाई कुट्दा कराउदा दिमागमा असर पर्छ भन्ने थाहा पाई आफुमा परिवर्तन ल्याएको कुराले गर्दा यो कार्यक्रम सबै आमाहरूमा दिन चाहान्छु । **राजी शरण यादब, वडा नं. १**

सामाजिक सुरक्षा भत्तामा पहुँचबाट वञ्चित व्यक्तिहरूलाई पहुँच गराउने, जन्मदर्ता बनाउन आवश्यक सहयोग गर्ने कार्यले साच्चिनै यस वडामा धैरै व्यक्तिहरू लाभान्वित हुन पुगेका छन् । यस्ता प्रयास सबै तिर होस् भन्ने कामना गर्दछु । **राम मिलन यादब, वडा नं. २**

सामाजिक सुरक्षा भत्ता तथा घटना दर्तालाई पारदर्शी बनाउन पहुँच परियोजनाले जुन भूमिका खेलेको छ त्यो एकदमै सह्रानीय रहेको छ । **रामजी यादब, वडा नं. ३**

जन्मदर्ता शिविरले यस वडा नं.४ का जनताहरू लभानवित भएको पाउँदा मलाई भित्रैदेखि खुशी लागेको छ । यस्ता प्रयासहरूमा सहयोग गर्न पाउँदा म अत्यन्त खुशी छु । **श्याम प्रसाद यादब, वडा नं. ४**

बाल संवेदनशील अभिभावकत्व कार्यक्रमले सहभागी भएका आमाहरूमा एकदमै राम्रो प्रभाव परेको छ । उहाँहरू धैरै नै खुशी हुनुहुन्थ्यो । उहाँहरूमा र बच्चाहरूमा धैरै नै परिवर्तन भएको कुरा सुन्न पाउँदा खुशी लागेको छ । **राम दिनेश मण्डल, वडा नं. ५**

सामाजिक सुरक्षा भत्ता तथा घटना दर्ता प्रणाली सुदृढीकरण सम्बन्धी गुनासो सुनुवाई समितिको नियमितताले हाम्रो वडामा भत्तामा पहुँच हुनबाट छुटेका व्यक्तिहरूको संख्या दिनप्रतिदिन घट्दै गएको छ । **पंकज कुमार साह, वडा नं. ६**

वडा कार्यालय र परियोजना बिच समन्वय गरी सामाजिक सुरक्षा भत्ताबाट छुटेका व्यक्तिहरूको तथ्याङ्क ६४ जना रहेको र सो को घरभेट गरी ५३ जनालाई भत्तामा पहुँच गराएका छौं र बाकीं योग्य नरहेको पत्ता लागेको छ । **गणेश ठाकुर, वडा नं. ७**

सामाजिक सुरक्षा भत्ता तथा घटना दर्तासम्बन्धी एक दिने अभिमुखीकरण तालिमले हामीमा ऐन, नियम, नियमावली वारे जानकारी बढेको छ । पहलको लागि पहुँच परियोजनालाई धन्यवाद । **राम बाबु यादब, वडा नं. ८**

अपाङ्गता परिचय–पत्र बनाउन र अन्य विपन्न व्यक्तिहरूको जन्मदर्ता बनाउन गरेका कदमहरूलाई यस वडा नं. ९ का सम्पूर्ण परिवारबाट कदर गरिन्छ । भत्तामा पहुँच गराउन घरभेट गरिएको र छुटेका व्यक्तिहरूको पहिचान गरी पहुँच गराउन समन्वयात्मक भूमिकालाई पनि कदर गर्दछौं । **श्रीनरायण यादब, वडा नं. ९**

# "बालबालिकालाई कराउँदा र सजाय दिँदा उनीहरुको दिमागमा असर पर्ने रहेछ"

म जमिला खातुन, लोहारपट्टी नगरपालिका वडा नम्बर ५ मा बस्दछु । म नियमित रूपमा अभिभावक कक्षामा सहभागी हुने गरेको थिएँ । पहिला मैले, बच्चाहरू झगडा गरे भने कराउने, सजाय दिनें र शान्त पार्थें । मेरा सबै बच्चाहरू मसँग डराउने र केही पनि सोध्न आँट गर्दैनथें । उनीहरू मेरो नजिक आउन पनि मन पराउँदैनथें ।

अभिभावक शिक्षा कक्षामा हामी दिदीबहिनी आ–आफ्नो बच्चाको बारेमा कुरा गर्थ्यौं र आफूले बच्चाहरूलाई गरेको व्यवहारको बारेमा बताउथ्यौं । कक्षामा हामीले गरिरहेको व्यवहारले बालबालिकामा कस्तो असर पर्दो रहेछ भन्ने कुरा थाहा भयो । तपाईं आफ्नो बच्चालाई कस्तो देख्न चाहनुहुन्छ भन्ने छलफलमा हामी सबैले स्वस्थ, ज्ञानी, भनेको मान्ने, राम्रो पढ्ने बच्चा बनाउन चाहन्छौं भनेका थियौं । तपाईंले भनेको जस्तो बच्चा बनाउनका लागि तपाईले के गर्नुभएको छ भन्ने प्रश्नमा हामी सबैले आफूले गरेको व्यवहार सम्झेका थियौं । त्यसैले म आजभोलि मेरा बच्चाहरूसँग समय बिताउन थालेकी छु र उनीहरूका कुरा ध्यान दिएर सुनिदिन्छु । उनीहरूसँग खेल्छु, उनीहरूको प्रश्नहरूको उत्तर आफूले जानेजति बताइदिन्छु । सही र गलत छुट्याएर भनिदिने बानी ममा परेको छ ।

अभिभावक कक्षामा सिकेका कुराहरू घरमा बच्चासँग व्यवहार गर्दा सम्झिरहन्छु । सासूआमालाई पनि सम्झाउछु ताकि उहाँले पनि नातिनातिनासँग गर्ने व्यवहार परिवर्तन गर्न सक्नु हुनेछ । अहिले मैले नभ्याएको समयमा पनि मेरी सासूआमाले सबै बच्चाहरूको राम्रो ख्याल राख्नसक्ने हुनुभएको छ । अहिले हामी घरमा धेरै खुसीखुसी साथ बस्न थालेका छौं भने म आफूले सिकेका कुरा अरू साथीसङ्गीलाई पनि बताउन थालेकी छु । जसले गर्दा समाजमा नै बालबालिकाप्रति सकारात्मक सोचको विकास होस् भन्ने म चाहन्छु ।



# “बालबालिकाको ईच्छा चाहना बुझ्ने गरेकी छु”

लोहारपट्टी वडा नं. ५ मा बस्ने मेरो नाम काजल हो । जब मैले अभिभावक शिक्षा कक्षामा सहभागी हुने अवसर पाएँ तब बालबालिकाप्रति गर्ने मेरो व्यवहारमा परिवर्तन आयो । विभिन्न सत्रमा बस्दै गर्दा आफूलाई आत्मग्लानी भयो । पहिला मैले मेरा छोराछोरीलाई केही पनि राम्रो गरेको रहेनछु भन्ने महसुस भयो । अहिले म आफ्नो छोराछोरीले भने अनुसार र मनपरे अनुसार खानाखाजा बनाउने गर्छु र दिन्छु । के खाने भनेर उनीहरूलाई नै सोधेर खाना, खाजाका परिकारहरू बनाइदिन्छु । छोराछोरी खुशी पनि छन् र मलाई समयसमयमा – "ममीले त मलाई धेरै माया गर्नु हुन्छ" भन्न पनि थालेका छन् । यो कुरा सुनेर खुशी पनि लाग्छ । छोराछोरीसँग आँखामा आँखा जुधाएर कुराकानी गर्ने बानी बसेको छ । बाबुनानीको कुरा सुन्छु अनि मात्र निर्णय गर्छु । के गर्नु पर्छ भनेर दुवैसँग सोधेर कुरा बुझ्छु अनि राम्रोसँग सम्झाउने पनि गर्ने गरेको छु ।

अहिले मैले गरेको छोराछोरीप्रतिको व्यवहारले मेरो श्रीमान् पनि खुशी हुनुहुन्छ । म आफ्नो श्रीमान्लाई पनि यो बाल संवेदनशील अभिभावक सत्रको बारेमा फोनमार्फत् भन्ने गर्छु र छोराछोरीको व्यवहारमा आएको परिवर्तनका बारेमा सुनाउने गरेको छु । आम्दानी र खर्चको बारेमा श्रीमान्लाई भन्ने गर्छु र फजुल खर्च नगर्नुस् भन्छु र पैसा पठाएको बेला छोराछोरीको पढाइ र भविष्यको लागि राम्रोहोस् भनि केही पैसा जोगाएर बचत गरेको छु । यो सत्रले मैले छोराछोरीलाई पहिला गर्ने गरेको व्यवहारमा पूरै परिवर्तन आएको छ ।



# “बालबालिकालाई कराउँदा पनि उनीहरुको दिमागमा असर गर्छ भन्ने कुरा थाहा पाएँ”

लोहारपट्टी –४ मा बस्ने मेरो नाम मधु हो । मेरी २ वर्षकी छोरी छिन् । मेरो श्रीमान् शिक्षण गर्नु हुन्छ । म भने घरायसी काममा व्यस्त हुन्थेँ ।

समुदायमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमका लागि मैले मेरो नाम टिपोट गराए र सहभागी हुने अवसर पाएँ । कार्यक्रममा सहभागी भएपछि मैले, बच्चालाई पिट्नु हुँदैन, कराउनु हुँदैन, यसले दिमागमा असर गर्छ भन्ने कुरा थाहा पाएँ । अब म छोरीलाई केही काम बिगारिन् भने सम्झाउँछु र उक्त कुरा बिर्साउन अरू केही दिन्छु । छोरीलाई कराउने बानी परिवर्तन भयो । अहिले मेरी छोरी धेरै खुसी छिन् । म मेरी छोरीसँग खेल्ने गर्छु, कुराकानी गर्ने गर्छु, उनले सोधेका वस्तुको अर्थ बुझाइदिने, सोधेका कुराको उत्तर बुझाएर बताइदिने गर्न थालेकी छु । अहिले मेरो पारिवारिक वातावरण धेरै राम्रो भएको छ ।

मैले सहजकर्तालाई सोधी आफ्नो सासूआमालाई पनि कार्यक्रममा सहभागी गराए । यसरी २–३ पटक कार्यक्रममा आएपछि त मेरो सासूआमामा धेरै परिवर्तन आयो । म र मेरो सासूआमा बिचको सम्बन्ध मैले पहिलो दिनदेखि नै राम्रो बनाउन थाले तर मेरो सासूआमामा परिवर्तन आउन समय लागेको भएपनि परिवर्तन भने आयो । सासुआमाले पनि नातिनीलाई माया गर्नुहुन्छ, स्याहार गर्नुहुन्छ । बच्चालाई पिट्नु हुँदैन भन्ने कुरा उहाँले पनि बुझ्नु भएको छ । मैले आफूले सिकेको कुरा आफ्नो श्रीमान्लाई पनि बताएको छु ।



# अपाङ्गता भत्ताले नजबुलको जीवन सहज बनायो

लोहारपट्टी नगरपालिका–९ बस्ने वर्ष २९ बर्षिया नजबुल एक अपाङ्गता भएकी महिला हुन् । उनी आफ्ना बुवाआमासँग बस्छिन् । उनका बुवाआमाले ज्यालामजदुरी गरेर घर खर्च चलाउँछन् ।

उनको नाम पहिला अपाङ्गता भएका व्यक्तिको सूचीमा दर्ता भएको भएता पनि उनको अवस्था अनुसारको अपाङ्गता परिचय पत्र थिएन । नेपाल सरकारले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य तर छुटेका व्यक्तिहरूको नाम सङ्कलन गर्ने क्रममा उनको अवस्था थाहा भयो । पहुँच परियोजना अन्तर्गत उनको पनि नाम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिक तर हालसम्म पनि यस लाभबाट वञ्चित रहेको सूचीमा दर्ता भयो । वडा कार्यालय, महिला तथा बालबालिका शाखा प्रमुखसँग निरन्तर कुराकानी र छलफल पश्चात् वस्तुगत अवस्थाको अवलोकन गर्नका लागि उनको घरसम्म गई प्रतिवेदन तयार गरिएको थियो । प्रादेशिक अस्पतालमा स्वास्थ्य परीक्षण गराएर डाक्टरको प्रतिवेदन पनि तयार गरी सबै कागजात सहित नगरपालिकामा पेश गरेपछि अपाङ्गता परिचय–पत्र परिवर्तनको प्रक्रिया सुरुवात भयो ।

नगरपालिकामा अपाङ्गता परिचय–पत्र वितरण समितिको बैठकले सबै कागजपत्र र उनको अवस्थाको हेरी उनलाई "ख" वर्गको निलो कार्ड गर्यो । उनले २०८१ साउनदेखि सामाजिक सुरक्षा भत्ता अन्तर्गत निरन्तर अपाङ्गता भत्ता प्राप्त गरिरहेकी छिन् । उक्त भत्ताको रकमले पोषणयुक्त खानेकुराहरू किनेर बुवाआमाले खुवाउने गर्नुभएको छ । साच्चिकै भन्दा थोरै रकम भए तापनि सामाजिक सुरक्षा भत्ताका रकमले न्यून आर्थिक अवस्था र साच्चिकै जटिल जीवन यापन गरिरहेका व्यक्तिका लागि बाच्ने आधार बन्न सकेको यथार्थ उदाहरणका रूपमा यस्ता कथालाई लिन सकिन्छ ।



# “बालबालिकाको कुरा सुनिदिनुपर्ने रहेछ”

मेरो नाम निर्शी हो । म लोहारपट्टी–०१ मा बस्छु । म गर्भवती हुँदा नै हाम्रो गाउँमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन भएको थियो । मैले उक्त कार्यक्रममा सहभागी हुने अवसर प्राप्त गरे । पोषणका विषयमा भएको कक्षाले मेरो जीवनमा ठुलो परिवर्तन ल्याएको छ । गर्भवती अवस्थामा ८ पटक र बच्चा जन्मिसकेपछि आमा र बच्चाको ४ पटकसम्म स्वास्थ्य जाँच गराउनु पर्ने, गर्भवती अवस्थामा र बच्चा जन्मिसकेपछि पनि ४५ दिनसम्म आइरन चक्की खानुपर्ने, गर्भवती अवस्थामा पोषिलो खानेकुरा खानुपर्ने र पोषणयुक्त खानाले बालबालिकाको जीवनभरी सकारात्मक प्रभाव पार्ने लगायतका धेरै कुराहरू सिक्ने अवसर पाएँ र मैले पनि समयसमयमा चेकजाँच गराए अनि खानपिनमा ध्यान दिएँ । जसले गर्दा मैले स्वस्थ बच्चालाई जन्म दिन सफल भएँ ।

जब मैले अभिभावक सचेतना कार्यक्रममा बस्ने मौका पाएँ तब आफ्नो छोरालाई धेरै ध्यान दिन सुरुवात गरेँ । अहिले छोराहरूलाई कुनै कुरा सिकाउँदा अन्य वस्तुहरूसँग जोडेर सिकाउने गर्छु । म दुवै छोराहरूलाई धेरै समय दिन थालेकी छु । उनीहरूको कुरा सुनिदिने र सोधेको विषयको उत्तर दिन थालेकी छु ।

अभिभावक कक्षाले मलाई र मेरो परिवारलाई असल अभिभावकले निर्वाह गर्नुपर्ने भूमिकाको विषयमा सिकाएको छ । त्यसैले अन्तमा म के भन्न चाहन्छु भने– यो कार्यक्रम समाजमा भएका अरू साना बच्चाको आमाहरूलाई पनि दिनु उपयुक्त हुन्छ जसले गर्दा हाम्रा बालबालिका भोलिका राम्रा बालबालिका बन्न सक्नेछन् ।



# “बालबालिकासँग घनिष्ट कुराकानी गर्नुपर्ने रहेछ”

मेरो नाम पुजा कुमारी हो । म लोहारपट्टी – ५ मा बस्छु । म अभिभाव सचेतना कार्यक्रमको सबै कक्षाहरूमा सहभागी भएको थिएँ । जुन कार्यक्रमबाट धेरै कुराहरू सिक्ने मौका पाएँ ।

अभिभावक सचेतना कार्यक्रममा सहभागी हुनु भन्दा पहिला बच्चालाई समय दिने कुरा, उनीहरूसँग कुरा गर्नुपर्छ भन्ने कुरालाई ख्यालै राखेको थिइन । छोराछोरीहरूलाई खान र लाउन दिए भैहाल्यो नि भन्ने लाग्थ्यो । आफ्नै कामको ध्यानमा भएको बेला बच्चालाई समय दिने कुरा त सोचिदै सोचिन्नथ्यो । अभिभावक कक्षामा छलफल गर्दैगर्दा त मेरो आँखा खुल्यो । हामी त छोराछोरीकै लागि र उनीहरूकै भविष्यको लागि काम गर्छौं । तर जसको लागि काम गर्छौं उनीहरूलाई के आवश्यक छ, उनीहरू के चाहन्छन् भन्ने कुरातिर त ध्यानै नगएको रहेछ भन्ने कुरा महसुस भयो । अचेल मैले आफ्नो व्यस्त समयमा पनि केही समय निकालेर छोराछोरीसँग बस्ने, कुरा गर्ने गरेकी छु । उनीहरूका कुरा सुन्ने गर्छु । छोराछोरीसँगको घुलमिलले उनीहरू पनि खुशी भएका छन् । खाना खाने बेला, स्कूल जाने बेला तथा अन्य समयमा म काम भन्दा छोराछोरीसँगै कुरा गर्ने गर्छु । बच्चालाई हप्काउने, उनीहरूलाई नराम्रो लाग्ने कुरा गर्दिन । यसले गर्दा बच्चाको हाम्रो सम्बन्ध पनि पहिलाको भन्दा घनिष्ट भएको जस्तो लाग्छ । उनीहरू मलाई सानो सानो कुरा पनि बताउने गर्छन् । यो देखेर आफूलाई पनि गौरव जस्तो महसुस हुन्छ ।



# “बालबालिकाले गरेको राम्रो कामको प्रशंसा गर्नुपर्ने रहेछ”

म रिना, लोहारपट्टी वडा नं.४ मा बस्छु । सहजकर्ता दिदीहरूले मलाई अभिभावक सचेतना कार्यक्रममा बस्ने अवसर प्रदान गर्नुभयो । पहिला म काम गरेर थाकेको हुन्थेँ र बच्चाहरूलाई खाना खुवाएर सुताई दिन्थेँ । म आफ्नै कामकाजमा व्यस्त हुन्थेँ । छोराले केही सोध्दा म झर्को मान्थेँ । म आफ्नै काममा व्यस्त हुने भएकाले छोराछोरीसँग कुरा गर्ने समयनै हुदैनथ्यो ।

मेरो छोराछोरीले मलाई केही सोध्दा र भन्दा, बाबालाई भन मलाई थाहा छैन भनिदिन्थेँ । तर कक्षामा सहभागी भैसके पनि महसुस भयो कि, समय त निकाल्न सकिदो रहेछ । खाना खाने बेला, सुत्ने बेला, स्कूल पठाउने बेला बच्चाहरूसँग मज्जाले कुराकानी गर्न सकिने रहेछ । बच्चाले जिद्दी गर्दा कराउने र कहिलेकाही शारीरिक सजाय पनि दिन्थेँ । अहिले म ती कुराहरू सम्झेर आफैलाई दुःख लाग्छ । मुटुका टुत्रका जस्ता बच्चालाई रिसाउनु, डर पैदा गर्नु, हप्काउनुले झन् उनीहरूको दिमागमा नराम्रो असर पर्दो रहेछ ।

अहिले म मेरो बाबुनानीलाईसँगै राखेर उनीहरूले गरेका राम्रा कुराहरूलाई प्रसंशा र प्रोत्साहित गर्ने गरेको छु । कतै लेख्दा बिगारेका छन् भने पनि यो यस्तो हो है भनेर मिठो बोलीबचन गरी जानेका कुरा सिकाउने गरेकी छु । यसो गर्दा मेरा बाबुनानी खुशी हुन्छन् । उनीहरूले गर्ने काम उनीहरूलाई नै गर्न दिन्छु । म उनीहरूले गर्न नसकेको काममा सहयोग मात्र गर्ने गर्छु । जसले गर्दा उनीहरूमा आत्मविश्वास पनि बढेर आएको छ । म धेरै खुशी छु ।


Fashion

# “बालबालिकालाई के गर्ने र के नगर्ने भन्ने कुरा कारण सहित राम्ररी बताउने गरेकी छु”

मेरो नाम रिंकु कुमारी हो । म लोहारपट्टी नगरपालिका वडा नं. ५ मा बस्छु । अभिभावक सचेतना कार्यक्रमका प्रत्येक कक्षाहरू मेरा लागि नयाँ थिए । यसबाट मैले बालबालिकालाई हुर्काउने तरिका बारे जान्ने मौका पाएँ । पहिले म आफ्नो बालबालिकालाई गल्ती गरेपछि धेरै सजाय दिन्थेँ, उनीहरूलाई बस्तु जस्तै नै व्यवहार गर्थें । केही कुरा सोध्दा म झर्केर कुरा गर्थें, त्यति ध्यान दिदैनथेँ । केही गर्न आउँदा तिमी बच्चा छौँ भनेर हामी ठूला मान्छे भएको ठाउँमा के गर्नआयौ ? तिमी जाऊ यहाँबाट, तिमीहरू बच्चाहरूले ठुलोको कुरा सुन्नु हुँदैन भनेर बस्न दिदैनथेँ ।

जब म बाल संवेदनशील अभिभावक सत्रमा बसेपछि मैले महसुस गरे, मेरो बाबुनानीलाई मैले नराम्रो व्यवहार गरेको रहेछु, बच्चाले केही कुरा सिक्न आउदा वयस्क व्यक्तिहरू भएका ठाउँबाट टाढा पठाउनु हुँदैन रहेछ । उनीहरूलाई सिक्ने मौका दिनुपर्ने रहेछ । बालबालिकाले जति धेरै कुरा देखे त्यति नै सिक्ने जान्ने मौका मिल्छ भन्नेबारे सिकेँ । बालबालिकाको दिमागको विकासबारे सिके, बच्चालाई पिटेपछि दिमागमा असर पर्दोरहेछ भन्ने कुरा जान्ने अवसर पाएँ ।

बालबालिकालाई कुनै कुरा भन्दा अथवा सिकाउदा यसको विस्तृत रूपमा वर्णन गरी सिकाउनु पर्ने रहेछ, कुनै पनि कुरालाई वस्तुसँग जोडी राम्रो र मायालु स्वरमा झर्को नमानि काखमा राखी सिकाउनु पर्ने रहेछ । आजकल मैले बालबालिकालाई के गर्ने र के नगर्ने भन्ने कुरा कारण सहित राम्ररी बताउने गरेकी छु । अहिले बच्चाहरूको व्यवहारमा पनि परिवर्तन आएको छ ।



# “अपाङ्गता भत्ताले छोरीको हेरचाह गर्न सहज भएको छ”

मेरो नाम चन्द्र कुमारी हो । म लोहारपट्टी – ४ मा बस्छु । मेरो ३ जना छोराछोरी मध्ये एक जना अपाङ्गता भएकी छोरी छिन् । उनी २५ वर्षकी भईन् । उनी कान सुन्दिनन् र बोल्न पनि सक्दिनन् । यस्तो अपाङ्गता भएको व्यक्तिले पनि भत्ता पाउँछ भन्ने कुरा मलाई थाहा थिएन । मलाई त लाग्थ्यो कि हात खुट्टा जसको चल्दैन त्यसलाई मात्र दिन्छ होला । एक दिन लोहारपट्टी नगरपालिका वार्ड नम्बर ४ को महिला वडा सदस्य मेरो घर खोज्दै आउनु भयो । मेरो छोरीको बारेमा सोध्नु भयो, मैले सबै कुराहरू बताए र उहाँले मेरी छोरीको विवरण टिपेर लैजानुभयो । उहाँले अपाङ्गता परिचय–पत्र तथा अपाङ्गता भत्ताका लागि आवश्यक कागजपत्रको सङ्कलन गर्न सुझाव दिनुभयो ।

मैले सबै कागजात बनाएर वडा कार्यालयमा गई पेश गरेँ र सिफारिस लिएँ । केही दिनपछि नगरपालिकाबाट "अपाङ्गता परिचय–पत्र वितरण समितिको बैठक हुँदैछ छोरीलाई लिएर आफै आउनुहोला" भन्ने फोन आयो । त्यहाँ सबै स्वास्थ्य परीक्षण गरी डाक्टरको प्रतिवेदन र सिफारिस अनुसार मेरी छोरीलाई "ख" वर्गको निलो परिचय पत्र दिनु भयो । अहिले मेरी छोरीले निरन्तर अपाङ्गता भत्ता प्राप्त गर्न थालेकी छिन् । जुन रकमले मलाई मेरो छोरीको पोषणयुक्त खाना खुवाउन र कपडाहरू किनिदिन पुगेको छ । अहिले म र मेरो छोरी धेरै नै खुशी छौं । उसले पाएको पैसाले उनको हेरचाहमा खर्च गर्न सहज भएको छ । अपाङ्गता भएका बालबालिका वा व्यक्तिहरूका लागि सरकारले दिने सामाजिक सुरक्षा भत्ताले जीवन चलाउनको लागि सहज बनाएको मैले महसुस गरेकी छु ।



# “बालबालिकासँग कुराकानी गर्न थालेकी छु”

लोहारपट्टी वडा नं. ५ मा बस्ने मेरो नाम शिवसती हो । जब मैले अभिभावक कक्षामा सहभागी हुने अवसर पाएँ । बच्चालाई पिट्नु हुँदैन, यसले दिमागमा असर गर्छ भन्ने कुराको जानकारी पाएपछि बच्चालाई सम्झाउँने, कुराकानी गर्ने गरेकी छु ।

अभिभावक कक्षामा सिकेका कुराहरू मैले घरमा सासूलाई पनि सुनाउने गर्दथेँ । उहाँले पनि कक्षामा भएका कुराहरू राम्रो मान्नु भयो । मैले बच्चाहरूसँग समय बिताउन थालेकी छु । उनीहरूसँग खेल्दा पनि सबै बच्चाहरूसँग कुराकानी गर्छु । खेलको बारेमा बताउने गर्छु नियमहरू पनि सिकाउने गर्छु । बच्चाहरू ठूला भए पनि म कुरा गर्छु । मेरा बच्चाहरू मसँग डराउँथे र हजुरआमासँग रमाउथे । केही कुरा सोध्दैनथे तर उनीहरूसँग माया गरेर बोल्न थालेपछि सबै कुरा भन्न थालेका छन् । उनीहरूले सोधेका कुराहरूमा राम्रोसँग अर्थ लगाएर बताइदिन थालेकी छु । मलाई अभिभावक शिक्षाले आफ्नो बालबालिकाप्रति हेर्ने बानीमा निकै परिवर्तन ल्याउन मद्दत गरेको महसुस गरेकी छु जुन कुरा म समाजका अन्य दिदीबहिनीलाई पनि भन्न चाहन्छु ।


NYC

# अभिभावक सचेतना कार्यक्रम सञ्चालनका लागि तालिम प्राप्त सहजकर्ताहरुको विवरण

| क्र.सं. | नामथर | पालिका | वडा नं. |
|---|---|---|---|
| १. | निलम सहनी | लोहारपट्टी | ३ |
| २. | रिंकु कुमारी यादब | लोहारपट्टी | २ |
| ३. | सलिता कुमारी यादब | लोहारपट्टी | ४ |
| ४. | संजिला कुमारी यादब | लोहारपट्टी | ४ |
| ५. | पुजा कुमारी | लोहारपट्टी | ५ |
| ६. | संगिता कुमारी यादब | लोहारपट्टी | ५ |
| ७. | रानीबती कुमारी साह | लोहारपट्टी | ६ |
| ८. | रेणु कुमारी | लोहारपट्टी | ६ |
| ९. | ममता मण्डल | लोहारपट्टी | ७ |
| १०. | सुनिता कुमारी मण्डल | लोहारपट्टी | ७ |
| ११. | सिता यादब | लोहारपट्टी | ८ |
| १२. | गुडिया देबी यादब | लोहारपट्टी | ८ |
| १३. | रिंकु कुमारी यादब | लोहारपट्टी | ९ |
| १४. | रामबासी देवी मुखिया | लोहारपट्टी | ९ |

बाल संवेदनशील सामाजिक सुरक्षा परियोजना फिनल्याण्ड सरकारको सहयोगमा सेभ द चिल्ड्रेन फिनल्याण्ड र सेभ द चिल्ड्रेन नेपालको साझेदारीमा नेपालमा सञ्चालित परियोजना हो । स्थानीय तह तथा समुदायस्तरमा यस परियोजनाको कार्यान्वयन सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासले गरिरहेको छ ।

**प्रकाशनः**
लोहारपट्टी नगरपालिका, महोत्तरी र सेभ द चिल्ड्रेन

**कथा सङ्कलनः**
सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिवास महोत्तरी

**थप जानकारीको लागि सम्पर्कः**
सेभ द चिल्ड्रेन, नेपाल कन्ट्रि कार्यालय, काठमाडौँ
सम्पर्क नं.: ०१–४५६८१३०, ४५६४८०३
इमेलः post.nepal@savethechildren.org

**सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिवास महोत्तरी**
फोन नं. ०८९–४३००८९

With support from Finland's development cooperation

Save the Children